कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

प.सं.: ०७५/०७६
च.नं.
फोन नं.:-०८१-५४०००९
फ्याक्स: नं.:-०८१-५४०३१८

## लोकसेवा कक्षा सञ्चालन सम्बन्धी आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हानको सूचना ।
## तेस्रो पटक सूचना प्रकाशन मिति २०७५/११/१९गते

यस कोहलपुर नगरपालिकाको तेस्रो नगरसभा बाट आ.व. २०७५/०७६ का लागि पारित बजेट कार्यक्रम अन्तर्गत लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोले लोकसेवा तयारी कक्षा सञ्चालन गर्ने उद्येश्यका साथ दर्ता भइ कार्यक्रम सञ्चालन गरिरहेका इच्छुक संस्थाले सूचना जारी भएको मितिले ३ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव सहितको निवेदन यस कार्यालयको सामाजिक विकास शाखामा पेश गर्नुहुन यो सूचना जारी गरिएको छ ।

शर्तहरु

१. सूचना प्रकाशित भएको मितिले ३ दिन भित्रको कार्यालय समय भित्र पेश भएका निवेदन मात्र स्वीकार गरिने छ ।
२. आर्थिक प्रस्ताव रु ५,००,०००/ (अक्षरुपी पाँचलाख मात्र) बाट नबढ्ने गरी हुनु पर्नेछ।
३. यस कार्यालयबाट सिफारिस गरिएका विद्यार्थीहरुलाई प्रथम पत्रको परीक्षा लिइ प्रारम्भिक परिक्षा उत्तिर्ण भएका विद्यार्थीहरुलाई मात्र पढाउनु पर्ने छ ।
४. आर्थिक प्रस्ताव पेश गर्दा कर सहित वा कर बाहेकको रकम खुलाई पेश गर्नु पर्नेछ ।
५. यस नगरपालिकाका हरेक वडा बाट सिफारिस भै आएका मध्ये स्वीकृत पाठयक्रमको प्रथम पत्र (सामान्य ज्ञान र वौद्धिक परिक्षण) को परीक्षा लिइ उत्तिर्ण भएका जम्मा ७५ जना मात्र विद्यार्थी कक्षामा सहभागि हुनेछन ।
६. लोकसेवा आयोगले स्वीकृत गरेको खरिदार र ना.सु.को पाठ्यक्रम र मापदण्ड बमोजिम कक्षा (**Course complete** गरी) लिनु पर्ने छ ।
७. संस्था वा फर्म छनोट गर्दा कबोल रकम सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल कानूनको परिधि भित्र रही बोल कबोल सवै भन्दा कम भएकोलाई छनोट गरिने छ।
८. प्राविधिक प्रस्तावमा सम्बन्धित विषयमा गरे/भएको अनुभव तथा कार्यक्रम समेत पेश गर्नु पर्ने छ।
९. कुनैपनि शर्त राखि पेश भएका निवेदन स्वीकार गरिने छैन ।
१०. अध्यापन गराउने विषय विशेषज्ञको आधिकारीक परिचय खुल्ने विवरण समेत पेश गर्नु पर्ने छ।
११. कोहलपुर नगरपालिकामा नियमानुसार व्यवसाय दर्ता भएका स्थानीय संस्थालाई प्राथमिकता दिइने छ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सामाजिक विकास शाखा)
कोहलपुर-बाँके

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)